


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ९ गते बिहीबार ❑ 22 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रु. २।-

## समर्थन फिर्ताको निर्णय लिने अधिकार अध्यक्ष दाहाललाई

**रासस**
**काठमाडौं, ८ बैशाख**

नेकपा (माओवादी केन्द्र)ले वर्तमान सरकारलाई दिएको समर्थन फिर्ता गर्ने निर्णय लिने अधिकार अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई दिएको छ।

पार्टी मुख्यालय पेरिसडाँडामा आज बसेको स्थायी समिति बैठकले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिएको समर्थन कहिलेदेखि फिर्ता लिने भन्ने निर्णय लिने अधिकार अध्यक्ष दाहाललाई दिएको प्रवक्ता नाराणकाजी श्रेष्ठले जानकारी दिए। "समर्थन फिर्ताको औपचारिक पत्र कहिले दिने भन्ने बारेमा अध्यक्षले निर्णय गर्नुहुनेछ", उनले भने, "जुन छिट्टै हुनेछ।"

माओवादीले प्रतिनिधिसभा विघटन गरेसँगै वर्तमान सरकारलाई आफूहरुको समर्थन नरहने बताउँदै आएपनि सरकारलाई दिएको समर्थन फिर्ता लिएको निर्णय संघीय संसद् सचिवालयलाई दिएको छैन। वैकल्पिक सरकार गठनको पहलकदमी लिइरहेको दाबी गर्दै आएको माओवादी केन्द्र समर्थन फिर्ताको निर्णयमा पुग्न सकेको छैन।

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस, माओवादी केन्द्र र जनता समाजवादी पार्टीबीच बारम्बार द्विपक्षीय, त्रिपक्षीय छलफल भए पनि त्यसले आकार लिन सकेको छैन। कांग्रेसले केन्द्रीय कार्यसमितिबाट आफ्नै नेतृत्वमा नयाँ सरकार निर्माण गर्ने निर्णय गरिसकेको छ भने जसपाले पनि यसबारेमा स्पष्ट निर्णय लिइसकेको छैन। प्रधानमन्त्री केपी शर्मा ओलीले भने 'सरकारलाई सहयोग नगर्ने हो भने समर्थन फिर्ता लिन' माओवादी केन्द्रलाई सार्वजनिकरूपमै आह्वान गर्नुभएको छ।

माओवादीले संसद् विघटनविरुद्ध एक ठाउँमा उभिएका विभिन्न राजनीतिक दलको सहभागितामा नयाँ सरकार बनाउने गरी छलफललाई तीव्रता दिएको छ। बुधबारको बैठकले पार्टी सङ्गठन र भ्रातृ संगठनमा शुद्धीकरणको अभियान सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। बैठकले केही दिनभित्र राजनीतिक प्रतिवेदन तयार गरी स्थायी समितिमा प्रस्तुत गर्ने र स्थायी समिति बैठकले त्यसलाई केन्द्रीय समितिको बैठकका निम्ति प्रस्तावका रुपमा लैजाने निर्णय पनि गरेको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

बैठकले कोभिड-१९ को प्रकोपबाट सुरक्षित रहन आम जनसमुदायलाई अपिल गर्ने निर्णय गरेको छ। पार्टीको सम्पूर्ण कमिटी र पंक्तिलाई कोभिड-१९ विरुद्धको जनचेतना र जागरणको अभियान सञ्चालन गर्न निर्देशन दिइएको छ।

## खपौंदीको प्रति जग्गा संरक्षणमा वडा अध्यक्ष सहित स्थानीय जुटे

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**



प्रति जग्गा संरक्षणमा पोखरा १८ का वडा अध्यक्ष रणबहादुर थापा सहित स्थानिय जुटेका छन्। पोखरा १८ स्थित खपौंदीको अलैचे ढाँडमा अतिक्रमण भएको ७ रोपनी जग्गा संरक्षणको लागि वडा अध्यक्ष थापा सहित स्थानिय बुधबार एक जुट भई प्रति जग्गामा निर्माण भएको पर्खाल (बाण्डो) भत्काई दिएका हुन्।

करिब एक सय मिटरको पर्खाल बुधबार वडा अध्यक्ष थापा, स्थानिय एवं नगर प्रहरी सहितको टोलीले भत्काइएको फेवा पर्यटन विकास समितिका अध्यक्ष राम कुमार राईले बताए। प्रति जग्गा र सार्वजनिक जग्गा संरक्षणमा आफुहरु कटिवद्ध भएको उनले बताए। सार्वजनि जग्गा कुनै व्यत्तिले निजी स्वार्थको लागि प्रयोग गर्न नहुने उनले बताए। चन्द्र बहादुर गुरुङले प्रति जग्गा भएको नजिकै ७ रोपनी जग्गा किनेर बिक्रि गरी बाँकी करिब ४ आना मात्र जग्गा राखेर प्रति जग्गामा समेत आँखा लगाउने काम गरेको अध्यक्ष राईले जनाए।

चन्द्र बहादुर गुरुङले प्रति जग्गामा अवैध रुपमा बाण्डो लगायसंगै केही दिन अघि यो क्षेत्रमा आगो लगाउदै त्यस क्षेत्रका वुट्यान समेत नष्ट पारेका वडा अध्यक्ष थापाले बताए। प्रति जग्गा अतिक्रमण गर्ने र प्रति जग्गामा आगो लगाउने गुरुङलाई आवश्यक कारवाही समेत अघि बढाइएको अध्यक्ष थापाले बताए। ५ सय ६८ कित्ता नम्बरको प्रति जग्गामा हाल ठुला ठुला ढुंगा र केही रुख विरुवाहरु भएकोले प्राकृतिक रुपमा समेत सो क्षेत्र महत्व भएको स्थानिय रामजी बहादुर ढकालले बताए। ढकालथर टोल विकास संस्थाका अध्यक्ष समेत रहेका स्थानिय रामजी बहादुर ढकालले होटल माउण्टेन टपका संचालक चन्द्र बहादुर गुरुङले प्रति जग्गामा भौतिक संरचना बनाउने उद्धेश्यले बाण्डो सहित आगो लगाउने काम भएको दाबी गरे। प्रति जग्गा संरक्षणमा आफुहरु समेत जुटेको बताएका उनले सार्वजनिक तथा प्रति जग्गा अतिक्रमणकारीलाई समाजमा जो कसैले स्थान दिन नहुने उनको भनाई थियो। त्यस्तै चन्द्र बहादुर गुरुङले आफुले करिब २० बर्ष अघि झपटे सार्कीसंग उक्त जग्गा समेत लिएको आधारमा हाल कोदो रोप्नको लागि पर्खाल निर्माण सहित आगो लगाएको बताए। प्रति जग्गा आफ्नो नाममा दर्ता गराउने भनि वडा कार्यालयमा सार्की सहित आफुले निवदेन दिएको उनले जनाए।

## राज्यले सबै धर्मको सम्मान र संरक्षण गर्छ : मन्त्री ढकाल

**पोखरापत्र संवाददाता**
**दमौली, ८ बैशाख**

चितवनको अयोध्यापुरीमा प्रतिस्थापन गर्न लागिएको राम, सीता, लक्ष्मण र हनुमानको मूर्तिसहितको रथयात्रा बुधबार बिहान तनहुँको देवघाटबाट चितवन प्रस्थान गरेको छ।

रथयात्रालाई आज बिहान गलेश्वर आश्रम र सिद्धेश्वर आश्रमबाट कलशयात्रासहित बिदाइ गरिएको हो। रथयात्रालाई देवघाटस्थित आश्रम, धार्मिक एवं सामाजिक सङ्घसंस्था, मठमन्दिर, गुम्बा, सामुदायिक वन उपभोक्ता समूह, टोल विकास संस्था, महिला समूह, आमा समूहलगायतले बिदाइ गरेका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीले मङ्गलबार पूजाआजा गरी पठाउनुभएको रथयात्रा मंगलबार साँझ नै देवघाट आइपुगेको थियो।

रथयात्रा बिदाइ समारोहमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री ढकाल, तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठलगायत सहभागी हुनुभएको छ। उक्त मूर्ति माडीको अयोध्यापुरीमा लगिनेछ।

मन्त्री ढकालले भगवान् रामको जन्म चितवनको माडीस्थित अयोध्यापुरीमा भएको र त्यसको पुष्टि क्रमशः हुँदै गएको बताए। "हामीसँग रामको जन्मको पुष्टि हुने धेरै आधार छन्। सीता गुफा देवघाटमा भएको र राम नुहाउन देवघाटमा आउने गरेको तथ्य पनि छ", मन्त्री ढकालले भने। उनले अयोध्यापुरीको विकासका लागि आवश्यक बजेट सरकारले विनियोजन गर्ने प्रतिबद्धता जनाए।

राज्यको आफ्नो धर्म नहुने तर राज्यका नागरिकले आफ्नो इच्छाअनुसारको धर्म मान्न पाउने स्वतन्त्रता भएकाले राज्यले सबै धर्मको सम्मान र संरक्षण गर्ने मन्त्री ढकालको भनाइ थियो।

सांसद कृष्णकुमार श्रेष्ठले माडीमा भगवान् रामको जन्म भएको यो कार्यक्रमले पुष्टि गरेको भन्दै प्रधानमन्त्री ओलीको अभियानले सार्थकता पाएको बताए।

## संक्रमण बढ्दै, एकैदिन २,३५१ मा संक्रमण

**रासस**
**काठमाडौं, ८ बैशाख**

कोभिड- १९ को सङ्क्रमण दिनदिनै बढ्दै गएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले गरेको नियमित पत्रकार सम्मेलनमा मन्त्रालयका प्रवक्ता डा जागेश्वर गौतमले दैनिक सङ्क्रमित हुनेको सङ्ख्या बढिरहेको जानकारी दिए।

उनले बुधबार मात्र दुई हजार ३५१ मा सङ्क्रमण देखिएको जानकारी दिए। मंगलबारएक हजार ७३६ जना सङ्क्रमित थपिएका थिए। यस्तै गत सोमबार एक हजार २८१, आइतबार एक हजार ९६, शनिबार ८४३, शुक्रबार ९०० जनामा संक्रमण देखिएको थियो। आठ हजार ८८४ नमूनाको पिसिआर परीक्षण गर्दा दुई हजार २२० र ८०३ मा एन्टिजेन टेष्ट गर्दा १३१ मा संक्रमण पुष्टि भएको हो। अहिलेसम्म दुई लाख ८९ हजार ७८७ जना संक्रमित भएका छन्। काठमाडौं उपत्यकामा एक हजार ५१ मा संक्रमण देखिएको छ। उनका अनुसार भक्तपुरमा ८४, ललितपुर १८१ र काठमाडौंमा ७८६ जनामा

बाँकी अन्तिम पृष्ठमा ▶▶

## खेलकूद प्रशिक्षण र प्रतियोगिता सञ्चालनमा रोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

खेलकूद पर्यटनको शहर पोखरामा खेलकूद प्रशिक्षण तथा प्रतियोगिता सञ्चालमा रोक लगाइएको छ।

पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समिति र जिल्ला खेलकूद विकास समितिले आज संयुक्तरुपमा एक सूचना जारी गरी यही वैशाख ९ गतेदेखि लागू हुने गरी वैशाख मसान्तसम्मका लागि रङ्गशालामा खेलकूद गतिविधि सञ्चालनमा रोक लगाएको जनाइएको छ।

कोरोना सङ्क्रमणको सम्भावित दोस्रो लहरबाट सजकता अपनाउनका लागि राष्ट्रिय खेलकूद परिषद्(राखेप)को निर्देशनमा वैशाख मसान्तसम्मका लागि सबै खेलका प्रशिक्षण तथा प्रतियोगिता गर्न बन्द गरिएको पश्चिमाञ्चल क्षेत्रीय खेलकूद विकास समितिका कार्यालय प्रमुख लक्ष्मणप्रसाद योगीले बताए। उनका अनुसार सरकार र राखेपको निर्णयानुसार

बाँकी अन्तिम पृष्ठमा ▶▶

## त्रिविद्वारा भर्चुअलबाट कक्षा लिन निर्देशन

**रासस**
**काठमाडौं, ८ बैशाख**

त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले कोरोना भाइरस अति प्रभावित जिल्लाका ठूला शहरका क्याम्पसको पठनपाठन भर्चुअल माध्यमबाट गर्न निर्देशन दिएको छ। त्रिविका सूचना तथा जनसम्पर्क महाशाखाका प्रमुख योगेन्द्रप्रसाद दाहालले कोभिड-१९ को सङ्क्रमण बढ्दै गएकाले भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गर्न निर्देशन दिएका हुन्।

यसअघि सोमबार बसेको मन्त्रिपरिषद् बैठकले वैशाख मसान्तसम्म विद्यालय र कलेजलाई अनलाइन वा वैकल्पिक माधयमबाट कक्षा सञ्चालन गर्ने निर्णय गरेको थियो। उनका अनुसार काठमाडौं, ललितपुर, भक्तपुर, कास्की, झापा, सुनसरी, मोरङ, सप्तरी, जनकपुर, मकवानपुर, रुपन्देही, बुटवल, चितवन, बाँके, पर्सा, नेपालगञ्ज, दाङ, सुर्खेत, बागलुङ र महेन्द्रनगरमा सैद्धान्तिक कक्षा अनलाइनको माध्यमबाट सञ्चालन गर्न भनिएको छ।

त्रिविले यी ठूला शहरबाहेक बाँकी जिल्लाका शहरमा भने स्थानीय तहसँगको समन्वयमा जनस्वास्थ्यका मापदण्ड लागू गरी कक्षा सञ्चालन गर्न आग्रह गरेको हो। यस्तै त्रिविले आवश्यक स्वास्थ्य सावधानी अपनाई परीक्षा सञ्चालन, २५ जनाभन्दा बढी उपस्थित नहुने गरी कुनै सभा, बैठक, गोष्ठी, सभा नगर्न र सबै कार्यालय, क्याम्पस, स्कुल र विभागले स्वास्थ्य सावधानी अपनाउँदै मास्क, सेनिटाइजर र साबुन पानीको आवश्यक व्यवस्था गर्न आग्रह गरिएको छ।

## धौलागिरि अस्पतालमा कोभिड-१९ प्रयोगशाला

### तीन वडामा दश दिन बन्दाबन्दी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ बैशाख**

धौलागिरिका चार जिल्लाका सर्वसाधारणलाई कोरोना भाइरस सङ्क्रमणको परीक्षणका लागि पोखरा पुग्नुपर्ने बाध्यताको अन्त्य भएको छ।

धौलागिरि अस्पताल बागलुङमा कोरोना परीक्षणको लागि पिसिआर मेसिन जडान भएपछि शङ्कास्पद बिरामीको थ्रोट स्वाव पठाएर हप्तौं कुनुपर्ने बाध्यता अन्त्य हुने भएको हो।

सरकारले प्रयोगशाला स्थापना गर्ने निर्णय गरेको झण्डै छ महिनापछि अस्पतालमा कोरोना परीक्षण प्रयोगशाला तयार भएको हो। मेसिन अहिले परीक्षणमा रहेको छ। परीक्षण सकिएलगत्तै कोरोना नियमीत काम थालिने अस्पताल प्रमुख सुपरिटेण्डेन्ट डा शैलेन्द्र बिक पोखेलले जानकारी दिनुभयो। पोखेलले भने, "सम्भवतः यही सातादेखि बागलुङबाट कोरोना परीक्षण गरिने छ।"

मेसिनबाट एक दिनमा ७० जनाको परीक्षण हुने डा पोखेलले बताउनुभयो। कोरोना परीक्षणको लागि चार प्राविधिकले काम गर्नेछन्। मेसिन जडान गरिएसँगै बागलुङ, पर्वत र म्याग्दीका नागरिक लाभान्वित हुनेछन् भने कोरोनाको रिपोर्ट प्राप्त गर्न लामो समय कुर्नु पर्ने बाध्यता हट्नेछ। सङ्घ र गण्डकी प्रदेश सरकारको झण्डै एक करोड लगानीमा प्रयोगशाला तयार भएको हो।

विद्यालय र समुदायमा ठुलो सङ्ख्यामा कोरोना सङ्क्रमण पुष्टि भएपछि बागलुङको बलेवा क्षेत्र दश दिनका लागि बन्दाबन्दीको घोषणा गरिएको छ। मङ्गलबार बागलुङ नगरपालिका-१४ नारायणस्थानको जनताधन माविका १९ विद्यार्थीसहित सोही विद्यालय आसपास समुदायका शङ्कास्पद बिरामीको जाँच गर्दा ३९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको थियो। यसअघि सोही विद्यालयका दुई शिक्षकमा कोरोना सङ्क्रमण देखापरेको थियो। विद्यालयमा अघिल्लो शुक्रबारदेखि नै पठनपाठन बन्द गरिएको छ।

मङ्गलबार बसेको जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिको बैठकले मङ्गलबार रातिदेखि लागु हुनेगरी बन्दाबन्दी घोषणा गरेको हो। बागलुङ नगरपालिका-१४ नारायणस्थाल, वडा नं. १२ अमलाचौर र वडा नं. १३ पैञ्युपाटामा दश दिनका लागि बन्दाबन्दीको घोषणा गरिएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख तथा जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिका स्रोत व्यक्ति सुरज गुरौले जानकारी दिए। समितिको सिफारीसमा जिल्ला प्रशासन कार्यालय बागलुङले बन्दाबन्दी घोषणा गर्नेछ। बन्दाबन्दीको समयमा सङ्क्रमितको सम्पर्कमा रहेकाको खोजी र उपचार गर्न सहज हुने छ।



**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।
- कालीदास

## सम्पादकीय

# स्वास्थ्य मापदण्ड पालना गरौँ

नयाँ वर्ष २०७८ सँगै देशैभरमा कोरोना भाइरसको दोस्रो चरणको महामारी देखिएको छ । गतवर्ष कोरोना भाइरसको संक्रमण समुदायमा नपुगोस भनेर लकडाउन गरिएको थियो । कन्ट्र्याक्ट् ट्रेसिङका लागि गरिएको प्रयासले केही सफलता मिल पनि जनता भयभित थिए । चिकित्सक ,एम्बुलेन्स चालक , राजनीतिक कार्यकर्तालाई नेतृत्वले परिचालन गर्न सकेको थिएन ।सबैमा त्रास थियो । यसपटक मानिसमा त्यस्तो त्रास देखिएको छैन । पहिलो पटकको संक्रमण प्रचार गरिए जति भयानक नभएकाले पनि आमनेपाली यस पटक निर्धक्क प्रायः देखिएका छन् ।कोभिड-१९ विरुद्ध खोप पहिलो चरणमा १९ लाखले लगाएका छन । दोस्रो चरणको खोप लगाउन थालिएको हुँदा केही हुँदैन भनेर हेलचक्र्याइँ भएको छ । केहीले अझै पनि कोरोना हौवा हो भनेर नजरअन्दाज गर्ने पनि छन।जो कोरोना संक्रमित भएको छ उस्ले र परिवारले पीडा भोगेको छाजनस्वास्थ्य विद् र विज्ञहरूका अनुसार यस पटकको संक्रमण गत वर्षभन्दा तीव्र विस्तार मात्र हुँदैछैन । नेपालमा गत वर्ष ४०-५० वर्षमाथिका उमेर समूह बढी संक्रमित भएका थिए । यस पटक विद्यालय उमेर समूहमा पनि संक्रमण फैलिएको छ । छिमेकी मुलुक भारतको अवस्था र अन्य मुलुकको प्रभाव हेर्दा महामारीबाट बच्न स्वास्थ्य मापदण्ड कठोरताका साथ पालना गर्नुपर्छ ।देशका राजनीतिक शक्ति र नागरिकले सरकारलाई रोकथाम ,नियन्त्रण र उपचारको लागि योजनाबद्ध तयारीका लागि दबाब दिनुपर्छ ।

मन्त्रिपरिषद् बैठकले कोरोना भाइरस संक्रमण पुनः बढेको अवस्थाको मूल्याङ्कन गर्दै जनस्वास्थ्यका मापदण्ड पालनामा कडाइ गरेको छ । बैठकले कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी) को सिफारिसअनुसार सहरी क्षेत्रका विद्यालयमा भौतिक उपस्थिति रोक्दै भर्चुअल कक्षा सञ्चालन गर्ने निर्णय गरेको छ । यस्तै बैठकले विवाह, धार्मिक कार्यक्रम, मृत्यु संस्कारमा सहभागी हुनेको संख्या २५ जनामा सीमित गर्ने निर्णय गरेको छ । पार्टी प्यालेस, सपिङ मल, नाचघर, सिनेमा हल, हेल्थ क्लब, पौडी पोखरीसहित मन्दिर तथा धार्मिक स्थलमा स्वास्थ्य मापदण्ड कडाइका साथ पालना गर्नुपर्नेछ । सार्वजनिक यातायातका साधनमा चालक, सहचालक तथा यात्रुले अनिवार्य रूपमा मास्क लगाउनुपर्नेछ । निर्णयअनुसार मास्क नलगाएका यात्रुलाई १० रुपियाँ लिई सवारी चालकले मास्क उपलब्ध गराउनुपर्ने, सार्वजनिक यातायातका साधनमा सिट क्षमताभन्दा बढी यात्रु राख्न नपाइने, लामो दूरीका साधनमा बीचैमा यात्रु चढाउन नपाउने, यात्रुको विवरण राख्नुपर्ने, सवारी साधनमा अनिवार्य रूपमा स्यानिटाइजरको प्रयोग गर्नुपर्नेछ । रात्रिकालीन व्यवसाय तथा होटल/रेस्टुरेन्ट राति ८ बजेपछि बन्द गर्नुपर्नेछ । निश्चय नै यस्ता निर्णय अप्रिय, अनपेक्षित हुन् । सरकारले विगतको अनुभवलाई समेत मध्यनजर गरेर जिल्लालाई जिम्मेवारी दिएको छा स्वास्थ्य मापदण्ड अपनाएर आफू स्वस्थ रहने र सरकारलाई सहयोग गर्ने कार्यमा प्रत्येक नागरिक जिम्मेवार हुनैपर्छ । सरकारले गरेका कतिपय निर्णय आमनागरिक आफैँले आफ्ना लागि अपनाउनुपर्ने स्वास्थ्य सुरक्षा विधिभित्र पर्ने भएकाले तिनको पालनामा व्यक्ति नै सबैभन्दा बढी संवेदनशील हुनुपर्छ ।

लकडाउनले व्यापार, व्यवसाय धरासायी भएको विगत अनुभवलाई दृष्टिगत गर्दै संक्रमणको तीव्र परीक्षण, उपचार तथा अन्य व्यवस्थापनमा सम्बद्ध निकायको ध्यान जानुपर्नेछ । नागरिक, समुदाय, व्यवसायी, राज्यले आआफ्ना कर्तव्य निर्वाह गरेर लकडाउनको अवस्था आउनै दिन हुँदैन । परिस्थिति नियन्त्रण बाहिर गएमा अवस्थाअनुसार व्यवस्था गरिने भएकाले सरकारद्वारा गरिएका नागरिक तथा समुदाय केन्द्रित निर्णयलाई कसैले पनि आलोचना र असहयोगको विषय बनाउनु हुँदैन । आफ्नो व्यवसाय चलाइ खान पाउने अधिकारका नाममा बृहत सामाजिक हितप्रति आँखा चिम्लिनु औचित्यपूर्ण हुँदैन । विकल्पहीन अवस्थामा गरिएका बाध्यकारी निर्णय पालना गर्नु जिम्मेवार नागरिकको परिचय पनि हो । संकटविरुद्ध मिठा तर्क गर्न सकिनेछ तर त्यसको विकल्प पनि त्यस्तै मिठो हुनेगरी प्रस्तुत गर्न सक्नुपर्छ । विद्यालय बन्द नगर्दा अभिभावक र बन्द गर्दा विद्यालय सञ्चालकको दबाब महसुस गर्नुपर्ने अवस्था छ । विद्यमान अवस्थाको वस्तुपरक विश्लेषण गरेर सरकारले नागरिक सुरक्षाका लागि लिने निर्णयको पूर्णतः पालना गरी आफू र समुदायलाई सुरक्षित गर्ने जिम्मेवारीबाट कोही पनि पन्छन मिल्दैन । कतिपय हाम्रा धार्मिक तथा सांस्कृतिक कार्यक्रममा हुने तडकभडक रोक्ने कानुनी प्रावधान अस्तित्वमा छन् ।यस्तो अवस्था रोक्न यसै पनि तडकभडक बन्द गर्नुपर्नेछ ।

# ग्लोबल आइएमई र स्पर्स लघुवित्तको एकीकृत कारोबार शुभारम्भ

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**



लमजुङ केन्द्रीय कार्यालय भई राष्ट्रियस्तर कार्यक्षेत्र भएको ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडले पोखरा -२६, कास्की केन्द्रीय कार्यालय भएको स्पर्स लघुवित्त वित्तीय संस्था लिमिटेडलाई प्राप्ति पश्चात् ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट बुधबारदेखि वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा -२६, कास्कीबाट एकीकृत वित्तीय कारोबार शुभारम्भ गरेको छ ।

ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लि. संचालक समितिका अध्यक्ष बुद्धि अकेलाको अध्यक्षता र ग्लोबल आइएमई बैंक लि. का प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य को प्रमुख आतिथ्यतामा सम्पन्न भएको कार्यक्रमको संचालन वित्तीय संस्थाका नि. प्रमुख कार्यकारी अधिकृत हरि कृष्ण जोशीले गरेका थियो भने उपस्थित सम्पूर्ण महानुभावहरुलाई संयुक्त प्राप्ति समितिका संयोजक एवं वित्तीय संस्थाका सञ्चालक रुपेन्द्र वाग्लेले स्वागत गरेका थिए । एकीकृत कारोबार पश्चात् वित्तीय संस्थाको कुल चुक्ता पूँजी ४३ करोड १७ लाख २० हजार ४ सय ११, कुल कर्जा लगानी ६ अर्ब १४ करोड ६३ लाख १० हजार, निक्षेप/बचत २ अर्ब ३ करोड ६९ लाख ४९ हजार ६ सय २० रहेको छ भने देशका विभिन्न ५१ जिल्लाका ९९ वटा शाखा कार्यालयहरु मार्फत वित्तीय सेवा प्रदान भईरहेका छन् । साथै, वित्तीय संस्थाको कुल ग्राहक सदस्यहरु १,२३,४१३ जना रहेका छन भने ६३,२९० जना ऋणी सदस्यहरुले विभिन्न शीर्षक अन्तर्गत कर्जा सुविधा उपभोग गरिरहेका छन् । सो कार्यक्रमका प्रमुख अतिथि रत्नराज बज्राचार्यले लघुवित्त क्षेत्रमा डुप्लीकेसन समस्या रहेको र त्यसको निराकरणको उपाय मध्येको एक उपाय मर्जर तथा प्राप्तिले डुप्लीकेसनमा कमी हुने बताए । यस कार्यले सफल र सुदृढ संस्था हुन तथा नेपाल राष्ट्र बैंकको नीतिलाई पनि सहयोग पुग्ने बताए ।

# योजनाको म्याद थप गर्ने व्यासको निर्णय

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ बैशाख**

व्यास नगरपालिकाले नगर क्षेत्रभित्र सञ्चालनमा रहेका विभिन्न योजनाको म्याद थप गर्ने निर्णय गरेको छ ।

नगरपालिकाभित्र सम्झौता भई सञ्चालन भइरहेका योजनाको अन्तिम पटकका लागि म्याद थप गर्ने निर्णय भएको हो । त्यस्ता योजनाको म्याद आगामी जेठ १५ गतेसम्म थप गर्ने निर्णय गरिएको प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

मङ्गलबार बसेको कार्यपालिकाको बैठकले विभिन्न नियमावली पारित एवं संशोधन गर्ने निर्णय पनि गरेको छ । नगर खेलकुद विकास समिति सञ्चालन कार्यविधि २०७८, व्यास नगरपालिका आय ठेक्का बन्दोबस्त गर्नेसम्बन्धी नियमावली २०७८, व्यास नगरपालिका स्लेट उत्खनन् तथा कटिङ उद्योग सञ्चालन कार्यविधि २०७७, व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ पारित गरिएको छ ।

व्यास नगरपालिका कार्यालय सङ्गठन, संरचना एवं व्यवस्थापन २०७६ लाई संशोधन प्रस्ताव पेश गर्न प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देलको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गर्ने निर्णय भएको प्रवक्ता श्रेष्ठले जानकारी दिनुभयो । त्यस्तै आगामी ३५ औं नगरसभा २०७८ असार १० गते बस्ने गरी नगरसभाको आह्वान गरी वडा र नगरस्तरीय योजना छनोटको कार्यतालिका पारित गरिएको छ ।

बैठकले विद्यमान कोभिड-१९ को प्रभाव र असरलाई अध्ययन गर्दा पुनः एक पटक सम्पूर्ण नगरवासीहरुमा सतर्कता अपनाउन अनुरोध गरेको छ । स्थानीय वाणिज्य सङ्घ, विद्यालयका प्रधानाध्यापक, सुरक्षा एवं स्वास्थ्य संस्था, सञ्चारकर्मी, उपभोक्तालगायत विभिन्न सङ्घसंस्थाको परामर्शमा आवश्यक निर्णय लिने निर्णय बैठकले गरेको छ ।

# उत्तराध्यान सूत्र राष्ट्रपतिद्वारा लोकार्पण

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

मानव मिलन संस्थाका संस्थापक मानव आचार्य नेपालकेशरी डा. मणिभद्र मुनिजी महाराजद्वारा नेपालीमा अनुवाद गरिएको ग्रन्थ 'उत्तराध्यान सूत्र' को एक कार्यक्रमबीच राष्ट्रपति विद्यादेवी भण्डारीले लोकार्पण गरेकी छन् ।

स्याङ्जाको आरुखर्कमा ब्रम्हाण्ड कुलमा जन्म लिई आफ्नो शिक्षादीक्षा भारतमा गई भगवान् महावीरको वाणि धर्मशास्त्रलाई पहिलो पटक नेपालीमा अनुवाद गर्ने जैन सन्त मणिभद्र पहिलो हुन् । उक्त ग्रन्थ भगवान् महावीरको निर्वाणको २५४८ वर्षपछिको पहिलो अनुवादित ग्रन्थ हो । पुस्तक लोकार्पण गर्दै राष्ट्रपति विद्यादेवी भण्डारीले जैनशास्त्र नेपालीमा अनुवाद गरेको पुस्तक इतिहासमै पहिलो भएको सुन्दा खुसी व्यक्त गरिन् । उनले भारतदेखि नेपालका दुर्गम ठाउँमा पैदलयात्रा गर्दै विकट ठाउँको वस्तुस्थिति बुझी आफूहरुलाई समेत जानकारी गराउने यस्ता महान् सन्तको वाणि सबैले अनुशरण गर्नुपर्ने सुझाव दिइन् ।

सो अवसरमा हिन्दू धर्मको संरक्षणमा महत्वपूर्ण योगदान गरेकोमा विश्व हिन्दू महासंघ नेपालका केन्द्रीय अध्यक्ष डा. रामचन्द्र अधिकारीले महासंघको संरक्षकमा मनोनयन गरिएको पत्र प्रदान गरेका थिए । मानव मिलन संस्था काठमाडौं र श्री श्वेताम्बर स्थानकवासीले संयुक्त रुपमा आयोजना गरेको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति प्राडा गंगाप्रसाद उप्रेती, पुस्तक सम्पादक प्राडा नारायण अधिकारी, मानव मिलन काठमाडौंका अध्यक्ष नमन उपाध्याय, अन्तर्राष्ट्रिय मानव मिलनका अध्यक्ष राजेन्द्र चोरडिया, जैन महिला मण्डलीकी अध्यक्ष सुजाता मेहेता, जैन परिषद्का पूर्व उपाध्यक्ष लोकमान्य गोल्छा, स्थानकवासी समाजका अधयक्ष कविन्द्र मोदी, नेपाल अणव्रत समितिका पूर्व अध्यक्ष दिनेश नौलखा, पूर्व अध्यक्ष ज्योति कुमार बेगानी, मानव मिलन नारी जागरण काठमाडौंका अध्यक्ष शान्ति ढकाल, जैन परिषद्का सदस्य राजेन्द्र गोल्छा, सुशील जैन लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# आँबुखैरेनी गाउँपालिका भवन निर्माण

**पोखरापत्र संवाददाता**
**दमौली, ८ बैशाख**

गण्डकी प्रदेशको प्रवेशद्वारमा अवस्थित तनहुँको आँबुखैरेनी गाउँपालिकाको भवन निर्माण सम्पन्न भएको छ ।

सुविधासम्पन्न भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यबमोजिम गाउँपालिकाले नयाँ भवन निर्माण गरेको हो । रु तीन करोड ८ लाख ७७ हजार ४६६ को लागतमा भवन निर्माण सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद पोखरेलले जानकारी दिनुभयो । नयाँ वर्षको शुरुवातसँगै गाउँपालिकाले नयाँ भवनबाट सेवा प्रवाह शुरु गरेको छ । विसं २०७६ माघ २१ गते सम्झौता भई २०७८ साउन २१ गते सम्पन्न गर्नुपर्ने म्याद रहेपनि म्याद अगावै भवन निर्माण सम्पन्न भएको छ । सिजल कन्स्ट्रक्सन जेभीले सम्पन्न गर्नुपर्ने म्यादभन्दा तीन महिना अगावै भवन निर्माण सम्पन्न गरेको हो । भवनले ३२३.२२ वर्गमिटर क्षेत्रफल ओगटेको छ । भवन निर्माण सम्पन्न भएसँगै सेवाग्राहीलाई सहज र सरल तरिकाले सेवा प्रवाह गर्न सजिलो हुने प्रमुख प्रशासकीय अधिकृत पोखरेलले बताउनुभयो ।

गाउँपालिकाले यस अगाडि कच्ची भवनबाट सेवा प्रवाह गरिरहेको थियो । "साँघुरो भवनबाट सेवा प्रवाह गर्दा असहज भइरहेको स्थितिमा नयाँ सम्पन्न भवनले सहज हुनेछ," पोखरेलले भन्नुभयो । नयाँ भवनबाट सेवा शुरु भएपछि हाल कार्यालय रहेको ठाउँमा बहुउद्देश्यीय भवन निर्माण गर्ने सोच गाउँपालिकाको छ । त्यसका लागि गाउँपालिकाले चालु आर्थिक वर्षमा रु एक करोड ५० लाख बजेट विनियोजन गरेको छ । "नपुग रकम आगामी वर्ष विनियोजन गर्छौं, कच्ची भवन भत्काएर बहुउद्देश्यीय व्यापारिक भवन निर्माण गर्ने गाउँपालिकाको सोच हो," उहाँले भन्नुभयो ।

# सिसाघाटका कुमाल जसले भिडेरै चितुवा नियन्त्रणमा लिनुभयो

**पोखरापत्र संवाददाता**
**दमौली, ८ बैशाख**

तनहुँको व्यास नगरपालिका-६ सिसाघाटका मदन कुमाल बुधबार बिहान गोठालो जाँदै हुनुहुन्थ्यो । घरबाट भैँसी र गोरु लिएर आउँदै गर्दा छिमेकी एक महिलाको आवाज सुनियो,ः दाई मलाई बचाउनु, चितुवाले आक्रमण गऱ्यो ।

कुमाल दौडिँदै गएर हेर्दा ती महिलाको गोठमा चितुवा आएको रहेछ । भैँसीलाई आक्रमण गर्न नसकेपछि चितुवाले महिलामाथि आक्रमण गर्न खोज्दै थियो । कुमाल त्यहाँ पुग्ने बित्तिकै चितुवा कुमालमाथि नै जाइलाग्यो । चितुवामाथि एक्लै भिड्नुभएका कुमालले चितुवाको खुट्टा समात्न पुग्नुभयो, अनि लगत्तै टाउको पनि । दुई मिनेट जति चितुवासँग भिड्दै गर्दा हल्लाखल्ला भएपछि उहाँका भाइ भेषबहादुर पनि घटनास्थल आइपुग्नुभयो । कुमालले भाइसँग मिलेर चितुवालाई नियन्त्रणमा लिनुभयो । हल्लाखल्ला भएपछि गाउँले जम्मा हुन थाले । अन्य केही व्यक्तिको सहयोगमा चितुवालाई बाध्न सफल भइएको कुमालले बताउनुभयो । "शुरुमा चितुवा देख्ने वित्तिकैडरलाग्योतरचितुवाआफैमाथि जाइलागेपछि आफू बच्नका लागि भएपनि प्रतिरोध गर्नुपर्ने अवस्था आइलाग्यो", कुमालले भन्नुभयो, "करिब दुई मिनेट जति चितुवासँग घम्साघम्सी भयो ।" कुमालका अनुसार चितुवा बूढो भएका कारण पनि नियन्त्रणमा लिन सहज भएको थियो । "चितुवा बूढो बूढो रहेछ, त्यसलाई बाँधेर राखेपछि प्रहरीलाई खबर गऱ्यौ", उहाँले भन्नुभयो ।

नियन्त्रणमा आइसकेपछि चितुवा हेर्न स्थानीयवासीको भीड लागेको छ । डिभिजन वन कार्यालय तनहुँका प्रमुख कोमलराज काफ्लेले चितुवा नियन्त्रणमा लिइएकोबारे जानकारी आएकाले टोली त्यसतर्फ जान लागेको जानकारी दिनुभयो । "हामीलाई प्रहरीमार्फत जानकारी आएको छ, हाम्रो टोली त्यता जाँदैछ", उहाँले भन्नुभयो । तनहुँमा केही समय यता चितुवाको आतङ्क छ । जङ्गलमा आहारा नभएपछि चितुवा मानववस्ती छेउ आउने गरेको छ । विगत दुई वर्षको अवधिमा तनहुँमा १० जना बालबालिकाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका छन् ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सत्कार मिल्नेछ | मकर | : आर्थिक समस्या |
| सिंह | : झमेला बड्ने | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : मन चञ्चल | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६,जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

**बडा मजाको आयुर्वेदिक**
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
**सम्पर्कः** सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

**सटर भाडामा**
पोखरा-१० औद्योगिक क्षेत्रमा अफिस तथा व्यवसायको लागि उपयुक्त सटर भाडामा छ ।
**सम्पर्कः**
९८४६००२०९५

## विमा लेख हरायो

**लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडवाट जारि गरिएको निम्न लिखित बीमालेख नदिपुरदेखि पृथ्वीचोकसम्म जाँदा २०७७/१२/०१ गते हराएको हुँदा फेला पार्नुहुने महानुभावहरुले निम्नलिखित ठेगानामा सम्पर्क गर्न अनुरोध गर्दछु ।**
**नामः राज कुमार सुर्खेती**
**विमा लेख नं. १३००८२७५४**
**सम्पर्क : लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड पोखरा शाखा**
**फोनः ९८०६५९२९४०**

## कम्पनी खरिद बिक्री सम्बन्धमा सूचना

ब्यास नगरपालिका वडा नं. १ को छाब्दी बाराही अर्गानिक बहुउद्देश्य फर्म प्रा.लि.को दं. नं. २४३९३०/०७७/०७८ दर्ता मितिः २०७७/०६/१८, स्थायी लेखा नं. ६०९८१६९६५, आन्तरिक राजस्व कार्यालय २०७७/०६/२५ गते दर्ता भएको कम्पनी मिति २०७७/११/१७ मा बिक्री भएको जानकारी गराउँदै । उक्त कम्पनी पार्वती सापकोटा डुमरवाना-८ बारा सिमरले खरिद गरेको हुदाँ यस कम्पनीको चलअचल सम्पत्ती र हिमालयन बैंक पोखरा रामबजार शाखाको जग्गा फराकचौर नक्सा नं. ७/ङ को कि.नं. ५२२, २१२, ९८४, ७१९, २१३, २२, ४१९, ४२३, ५२३, ९८५, ८००, ८०१, ८०२, ८०३ र २०९ र क्षेत्रफल १२० रोपनी भएको जग्गा समेत आठ करोड सात लाख बाहेक अन्य कुनै व्यक्ति, संघसंस्थाको लेना देना भए यस कम्पनी खरीद कर्ताले यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र जानकारी गराउनुहोला अन्यथा खरिद कर्ताको कुनै जवाफदेही नहुने सम्वन्धित सबैलाई जानकारी गराईन्छ ।
खरिद कर्ताः पार्वती सापकोटा
डुमरवाना-८, वारा सिमरा, सम्पर्क नं. ९८०७७९११४

## घिउखोला सामुदायिक वन उपभोक्ता समूहको काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०७८/०१/०९)**

**उपरोक्त सम्बन्धमा श्री डिभिजन वन कार्यालयको चं.नं. २२२४ मिति २०७७/१२/२७ को लिलाम सहमति अनुसारको आ. व. २०७६/०७७ को हेटौडा भरतपुर वर्दघाट २२० केभी प्रसारण लाइनबाट हस्तान्तरण भै आएको वन पैदावर लिलाम बिक्रीको लागि २१ दिने सूचना सबैको जानकारीको लागि अनुरोध छ । साल, आस्ना, जामुना लगायत अन्य जात गरी थान १४८३ को परिणाम ९३४३.१३ क्यू फिट काठ लिलाम बिक्रीको लागि यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ । अन्य जानकारीको लागि विस्तृत सूचना वा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।**

**घिउखोला सामुदायिक वन उपभोक्ता समूह**
**नवलपुर**

# झोलुङ्गे पुल तरेको २० रुपैयाँ कर

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ बैशाख**

संघीय सरकारद्वारा हालै निर्माण सम्पन्न भएपछि सञ्चालनमा आएको बागलुङ-पर्वत जोड्ने बाङ्गेचौर-अदुवाबारी झोलुङ्गे (५६७ मिटर लामो) पुलमा तरेपछि रु २० कर तिर्नुपर्ने भएको छ।सो पुल विश्वकै लामो दावी गर्रिँदै आएको छ। बागलुङ नगरपालिकाले पूर्वाधार कर भनी मङ्गलबारदेखि कर सङ्कलन शुरु गरेको छ। प्रतिव्यक्ति रु २० कर लिने कामको सामाजिक सञ्जालमा चर्को आलोचना भएको छ।

अबदेखि पुलमार्फत ओहरदोहर गर्नेले प्रतिव्यक्ति रु २० कर बुझाउनुपर्ने हुन्छ। नगरपालिकाकाप्रमुख जनकराज पौडेलले पुलकै पूर्वाधारमा खर्च गर्न कर सङ्कलन गर्ने निर्णयमा पुगेको र यो निर्णयमाथि पुनःविचार गरिने बताउनुभयो ।बागलुङ-पर्वत जिल्लाबासीलाई भने कर नलाग्ने नगरपालिकाले जनाएको छ। नगरप्रमुख पौडेलका अनुसार ज्येष्ठ नागरिक, अपाङ्गता भएका र विद्यार्थीलाई भने रु १० कर लाग्नेछ। मठमन्दिर प्रवेशमा रोक

बागलुङमा कोरोना भाइरसको दर बढ्दै गएपछि उच्च सतर्कता अपनाउन थालिएको छ। प्रमुख जिल्ला अधिकारीका अध्यक्षतामा मङ्गलबार बसेको जिल्ला कोभिड सङ्कट व्यवस्थापन समितिको बैठकले कोरोना जोखिमलाई ध्यानमा राखी भीडभाड कम गर्न र कोरोना नियन्त्रणका लागि मठमन्दिर प्रवेशमा वैशाख महिनासम्म रोक लगाएको छ।

आन्तरिक पर्यटकको भीड हुने कालिका मन्दिर, पञ्चकोट, राम मन्दिरलगायत स्थानमा वैशाख मसान्तसम्म प्रवेशमा रोक लगाइएको प्रजिअ शिवकुमार कार्कीले जानकारी दिनुभयो। यस्तै बैठकले पार्टीप्यालेस, डान्सबार, सिनेमा हल, आमसभा, जिमहललगायत भीडभाड हुने स्थानसमेत वैशाख मसान्तसम्म पूर्णरूपमा बन्द गर्ने निर्णय गरेको प्रजिअ कार्कीले जानकारी दिनुभयो। मास्कविना कार्यालय र पसलमा प्रवेश गर्न रोक लगाउने र होटल तथा रेष्टुराँ बिहान ८ देखि बेलुका ८ बजेसम्म सञ्चालन गर्ने निर्णयसमेत गरिएको छ। यस्तै प्रशासनले बलेवामा कोरोना जोखिम बढेको जनाउँदै वडा नं १२, १३ र १४ मा वैशाख १७ गतेसम्म निषेधाज्ञा जारी गर्नेसमेत निर्णय गरेको छ। बागलुङ -१४ को जनताधन माध्यमिक विद्यालयका १९ विद्यार्थी र दुई शिक्षकसहित सोही वडाका अन्य १८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएपछि सतर्कता अपनाउन थालिएको हो। मन्दिर पुनःनिर्माण चन्दा सङ्कलन गरी बागलुङ-८ सिगानाको एक मन्दिर पुनःनिर्माण गरिएको छ।

साँयकोटमा रहेको २०० वर्ष पुरानो कमलजैशीको मन्दिर पुनःनिर्माण गरिएपछि मङ्गलबार उद्घाटन गरिएको छ। मन्दिर योगमाया गौतमको नेतृत्वमा ३० वर्ष अघि पुनःनिर्माण गरिए पनि पहिराका कारण भत्केपछि अहिले पुनःनिर्माण गरिएको हो। स्थानीयवासीका सक्रियतामा चन्दा सङ्कलन गरी निकै जीर्ण मन्दिरको पुनःनिर्माण गरी उद्घाटन गरिएको कमलजैशी मन्दिर निर्माण समितिका अध्यक्ष गोविन्दप्रसाद गौतमले जानकारी दिनुभयो। रु चार लाख लागतमा मन्दिरलाई आधुनिक शैलीमा पुनःनिर्माण गरिएको हो। ढुङ्गामाटाले निर्मित मन्दिर भत्केपछि ढलान गरी पक्की बनाइएको हो।

बागलुङ-८ वडा कार्यालयबाट रु एक लाख, बुछुङ-सल्लेरी सामुदायिक वनबाट रु २५ हजार, सिर्जनशील स्वास्थ्य आमा समूहबाट रु २१ हजार १११, कायमारे सामुदायिक वनाबट रु १० हजार, नगरपालिकाबाट रु १० हजार र अन्य स्थानीयवासीबाट चन्दा सङ्कलन गरी रु चार लाखभन्दा बढी खर्चेर मन्दिर पुनःनिर्माण गरिएको हो। मन्दिर उद्घाटनका अवसरमा शिव खड्का र अर्जुन खड्काले अग्रज अभिभावकका सम्झनामा घण्ट स्थापना गर्नुभएको थियो।

# शुक्लागण्डकीमा शीतभण्डार निर्माण शुरु

**-कृष्ण न्यौपाने**
**दमौली, ८ बैशाख (रासस)**

तनहुँको शुक्लागण्डकी नगरपालिकामा शीतभण्डार निर्माण शुरु भएको छ। सङ्घीय सरकारको सशर्त बजेट अनुदान र नगरपालिकाको बजेटबाट शुक्लागण्डकी नगरपालिका-८ सङ्गमटोलमा शीतभण्डार निर्माण शुरु गरिएको हो।

कृषकले उत्पादन गरेका कृषि उपज वस्तु शीतभण्डारमा राखेर जुनसुकै बेला पनि बिक्री गर्न सक्ने व्यवस्था मिलाउन शीतभण्डार निर्माण शुरु गरिएको शुक्लागण्डकी नगरपालिकाका कृषि शाखा प्रमुख नवराज पण्डितले जानकारी दिनुभयो। उहाँका अनुसार शीतभण्डार निर्माणका लागि सङ्घीय सरकारले रु एक करोड सशर्त अनुदान बजेट उपलब्ध गराएको छ भने नगरपालिकाले रु दुई करोड लगानी गरेको छ। कूल रु तीन करोडको बजेटमा बोलपत्र प्रक्रियाबाट निर्माण कार्य शुरु गरिएको उहाँले जानकारी दिनुभयो। शीतभण्डारलाई नगरपालिकाले गौरवको योजनाको रुपमा सूचीकृत गरेको छ। लामो समयदेखिलालिमस्थितसिर्जनशील महिला समाजले संरक्षण गरेको सार्वजनिक जग्गामा शीतभण्डार निर्माण थालिएको वडाध्यक्ष कृष्णप्रसाद रेग्मीले जानकारी दिनुभयो। नगर क्षेत्रभित्र उत्पादित कृषि सामग्री सस्तोमा बेच्दा श्रमको मूल्य नउठ्ने समस्या भएपछि शीतभण्डार निर्माणको आवश्यकता खड्किएको थियो।

"यस वडामा व्यावसायिक रुपमा आलुखेती हुने गरेको छ, तर पनि किसानले उत्पादन गरेका आलुको उचित मूल्य पाउन गाह्रो भइराखेको थियो, "उहाँले भन्नुभयो, "शीतभण्डार निर्माण सम्पन्न भएपछि यो समस्या हट्छ।" कृषकले उत्पादन गरेका आलु शीतभण्डारसम्म पुऱ्याउन वडा कार्यालयले नै व्यवस्थापन मिलाउँदै आएको छ। शीतभण्डारसम्म आलु ढुवानीका लागि यस वर्ष रु दुई लाख बजेट विनियोजन गरिएको थियो। कृषकलाई आत्मनिर्भर बनाउन यस वडामा आलुको बीउ वितरण गरिएको थियो।

किसानलाई ५० प्रतिशत अनुदानमा ३० हजार २०० किलो बीउ आलु वितरण गरिएको थियो। 'एक वडा एक उत्पादन' कार्यक्रम सञ्चालन गरिरहेको शुक्लागण्डकीले वडा नं ८ मा आलु उत्पादनलाई प्राथमिकतामा राखेको छ। उक्त कार्यक्रमलाई सघाउन सङ्घीय सरकारले यो वर्षदेखि साझेदारीमा राष्ट्रिय मसला तथा आलु बाली विकास कार्यक्रमअर्न्तगत आलु पकेट कार्यक्रम सञ्चालनार्थ रु २४ लाख बजेट पठाएको थियो।

शीतभण्डार नहुँदा समस्या भोगेका किसान शीतभण्डार निर्माण शुरु भएपछि खुशी भएका छन्। शीतभण्डार नहुँदा उचित मूल्य पाउन नसकेको मञ्जु श्रेष्ठको गुनासो छ। सोही वडाका रमेश महतले शीतभण्डार निर्माण सम्पन्न भएपछि उत्पादनको उचित मूल्य पाउने बताउनुभयो।

# सय वर्ष अघिदेखिको इतिहासलाई निरन्तरता दिदै पूजा

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ बैशाख**

पोखरा महानगरपालिका वडा नं ३२ कालिका नगरस्थित ऐतिहासिक धार्मिक पर्यटकीय तीर्थस्थल कालिका मन्दिरमा सय वर्ष अघिको इतिहासलाई निरन्तरता दिदै चैते दशैं विशेष पूजा गरिएको छ।

सय वर्ष अघि समाजसेवी स्व.भीमबहादुर बस्नेतको सकृयतामा स्थानीयवासीको सुख, शान्ति र समृद्धिको कामना सहित स्थापित मन्दिरलाई त्यस यता समाजका हरेक व्यक्ति, संघ संस्था एवम् समूहको साझा प्रयासमा व्यवस्थित गर्दै पूजाआजालाई निरन्तरता दिदै आइएको छ। मन्दिरमा प्रत्येक वर्षको आश्विन शुक्ल पक्ष(बडा दशैं) का साथै चैते दशैंमा विशेष पूजाआजा गर्ने गरिएको स्थानीय बुद्धिजीवि विष्णुबहादुर बस्नेतले जानकारी दिनुभयो। सय वर्ष अघिदेखिको इतिहास र परम्परालाई निरन्तरता दिदै यस वर्ष पनि चैते दशैंका अवसरमा मन्दिरमा विशेष पूजाआजा गरिएको बताउँदै उहाँले उक्त पूजामा पोखरा-३२ सहित आसपासका भक्तजनहरू उपस्थिति रहेको जानकारी दिनुभयो। मनोकामना पूरा हुने जनविश्वासका कारण कालिका मन्दिरको आस्था र विश्वास दिनानुदिन बढीरहेको बताउँदै उहाँले यसको समग्र विकासका लागि स्थानीय संघ संस्था, क्लब, आमा समूह एवम् स्थानीय तहको साझा प्रयास आवश्यक हुने बताउनुभयो।



पृथ्वी राजमार्ग अन्तर्गत लामेआहालबाट करिब तीन सय मिटर उचाइमा रहेको कालिका मन्दिरलाई यस क्षेत्रको आकर्षक धार्मिक पर्यटकीय गन्तव्य बनाउन सकिने स्थानीयवासी बताउँछन्। प्रगतिशिल सामूदायिक बन क्षेत्र अन्तर्गत उत्तरी भेगमा रहेको यस मन्दिरमा मनले चिताएको पुग्ने विश्वासका कारण पछिल्ला वर्षमा भाकल पूजा सहित आउनेको क्रम पनि बढ्दै गएको छ।

# शान्ति उद्यानलाई धार्मिक पर्यटकीय स्थल बनाइने

**पोखरापत्र संवाददाता**
**दमौली, ८ बैशाख**

व्यास नगरपालिका-४ स्थित शान्ति पार्कलाई धार्मिक पर्यटकीय स्थल बनाउन प्रयास थालिएको छ। एक सय नयाँ पर्यटकीय गन्तव्यको रुपमा सूचीकृत शान्ति पार्कलाई धार्मिक पर्यटकीय स्थल बनाउन लागिएको हो।

पार्कभित्र मल्लकालीन प्यागोडा शैलीको मन्दिर निर्माण गरिएको छ। रु तीन करोड लागतमा निर्माण सम्पन्न भएको मन्दिरको चैतेदशैंको अवसर पारेर उद्घाटन गरिएको छ। दुई वर्ष अगाडिदेखि निर्माण शुरु भएको मन्दिर गत वर्ष सम्पन्न गर्ने लक्ष्य राखिए पनि कोभिडका कारण बन्दाबन्दी हुँदा मन्दिर निर्माणको काम केही समय प्रभावित भएको थियो। शान्ति पार्कका कोषाध्यक्ष एकबहादुर रानाले कोभिडका कारण मन्दिर निर्माणमा ढिलाइ भएको जानकारी दिनुभयो। "यस ठाउँलाई धार्मिक पर्यटकीय स्थल बनाउन मन्दिरका साथै अन्य थप पूर्वाधार पनि निर्माण गर्ने योजना छ," रानाले भन्नुभयो, "सङ्घ, प्रदेश र स्थानीय सरकारको सहयोगमा थप पूर्वाधार निर्माण गर्छौं।" तीनतले र ५५ फिट उचाइको मन्दिरमा विभिन्न नामका देवीदेवताका आकृति भएको ६० वटा टुडाल हालिएको छ भने मन्दिरमा नौ फिट उचाइको गजुर राखिएको छ। मन्दिर निर्माणका लागि चालु आर्थिक वर्षमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु ५० लाख बजेट विनियोजन भएको थियो। व्यास नगरपालिकाले विनियोजन गरेको रु १० लाख र उपभोक्ता समितिको समेत गरी रु १२ लाखको लागतमा पार्कभित्र सार्वजनिक शौचालय, वडा नं ४ मार्फत् विनियोजन भएको रु १० लाखको लागतमा ८० मिटर बाटो ढलान र ४० मिटर नाला निर्माण सम्पन्न भएको छ। पार्कले चालु आर्थिक वर्षमा नै मन्दिर वरपर पर्खाल निर्माण गर्ने जनाएको छ।

दमौली बजारबाट एक किलोमिटर दूरीमा पर्ने पार्कभित्र सरकार, निजी क्षेत्र र स्थानीयवासीको सहयोगमा केही पूर्वाधार निर्माण सम्पन्न भइसकेको छ भने गुरुयोजना अनुसारको थप पूर्वाधार निर्माण हुन बाँकी रहेको पार्कका अध्यक्ष मोतीकुमार श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार पार्कलाई गुरुयोजना अनुसार विकास गर्न रु पाँच करोडभन्दा बढी बजेट आवश्यक पर्दछ। सैँतीस हेक्टर क्षेत्रफलमा काँडे तारवार, १० फिट चौडाइको १ किमि पक्की सिंढी निर्माण, दुई वटा वनभोज स्थल, एउटा कुरुवा घर, सार्वजनिक शौचालय निर्माण सम्पन्न भइसकेको छ भने रिजर्भ ट्याङ्की बनाएर खानेपानीको व्यवस्थापन गरिएको छ।

पार्क स्थापना भएदेखि हालसम्म पूर्वाधार निर्माणमा रु २ करोड ६९ ४२ हजार खर्च भएको छ भने रु दुई करोड १३ लाख १३ हजार ७ सय ५४ आम्दानी भएको थियो। कालिगढलाई रु ३७ लाख र विभिन्न व्यक्तिलाई सापटीबापतको रु १८ लाख फिर्ता दिन बाँकी रहेको पार्कले जनाएको छ। गुरुयोजनाअनुसार पार्कमा प्रवेशद्वार, टिकट काउण्टर, पार्किङस्थल, सहिद स्मारक पार्क, बालउद्यान, पानीको फोहोरा, सानो चिडियाघर, भ्युटावर, विश्रामस्थल लगायतका पूर्वाधार निर्माण हुन बाँकी छ। तनहुँको सदरमुकाम दमौली बजारस्थित पूर्व र उत्तरमा व्यासमार्ग, पश्चिममा मादीनदी र दक्षिणमा दमौली बजारभित्र पर्ने बागभञ्ज्याङ सामुदायिक वनको करीब आठ हेक्टर क्षेत्रफलभित्र तनहुँ कालिका शहीद शान्ति पार्क पर्दछ। यस ठाउँबाट दमौली बजारलगायत आसपासका वस्तीहरु, काहुँडाँडा, मानहुँडाँडा, तनहुँसुर, मिर्लुङकोट, गलेखामकोट लगायतका पर्यटकीय स्थलहरु अवलोकन गर्न सकिन्छ।

# राम्चेढुङ्गामा सांस्कृतिक सङ्ग्रहालय

**पोखरापत्र संवाददाता**
**बागलुङ, ८ बैशाख**

गाउँले जनजीवन, कला र संस्कृति झल्कने गरी पर्यटकीयस्थल राम्चेढुङ्गामा सांस्कृतिक सङ्ग्रहालयको निर्माण थालिएको छ। सङ्ग्रहालयको भौतिक संरचना यही महीनाभित्रै सक्ने गरी काम भइरहेको हो।

गलकोट नगरपालिका-७ मल्मस्थित राम्चेढुङ्गामा उक्त सङ्ग्रहालयले नयाँ पर्यटकीय आकर्षण थप्नेछ। राम्चेढुङ्गा पर्यटन विकास केन्द्रका अध्यक्ष विष्णु थापाले मौलिक संस्कृतिको जगेर्ना र उत्थानमा सङ्ग्रहालयले टेवा पुग्ने बताउनुभयो।

गण्डकी प्रदेशसभा सदस्य चन्द्रबहादुर बुढाको निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको रु ११ लाख बजेटबाट सङ्ग्रहालयको 'ट्रष्ट' भवन बन्न लागेको हो। दैनिक २५ कामदार भवन निर्माणमा खटिएको अध्यक्ष थापाको भनाइ छ। भवन निर्माणमा रु दुई लाखको जनश्रमदानसमेत जुटाइने भएको छ। संरचना खडा भएपछि परम्परागत वस्तु तथा सामग्रीको सङ्ग्रह गरिनेछ। "परम्परागत बाजा, वेषभूषा, भाँडाकुँडा, लोप हुन लागेका ढिंकी, जाँतो जस्ता सामग्री सङ्ग्रहालयमा राख्छौं", अध्यक्ष थापाले भन्नुभयो। मौलिक परम्परा, रीतिथिती र पर्वको महत्व दर्शाउने खालका कलाकृति पनि सङ्ग्रहालयमा राख्ने केन्द्रको योजना छ। बजेट पनि सीमित भएकाले अहिले सानै संरचनाबाट सङ्ग्रहालय सञ्चालनमा ल्याइने र पछि यसलाई थप सुविधायुक्त तथा विस्तार गर्दै लगिने जनाइएको छ। अहिले बन्ने सङ्ग्रहालय भवन एकतले मात्र हुनेछ। पुरातात्विक महत्वका वस्तु तथा सामग्री राख्न सक्दा सङ्ग्रहालय अध्ययन र अनुसन्धानको केन्द्रसमेत बन्नसक्ने विश्वास लिइएको छ। सङ्ग्रहालयले सिङ्गो गलकोट क्षेत्रको इतिहास, कला, संस्कृतिका साथै त्यहाँ रहेका सबै जातीय समुदायको पहिचान झल्काउने जनाइएको छ।


## शिक्षक आवश्यकता सम्बन्धि सूचना

मादी गा.पा.को कार्यालय थुम्माकोडाँडा कास्कीको पत्र संख्या २०७७/०७८ तथा च.नं. १९७६ को प्राप्त पत्रानुसार तथा यस श्री सिद्ध आ.वि. मादी ८ पोसी कास्कीको वि.व्य.स. को २०७८/०१/०६ को निर्णय अनुसार यस विद्यलायमा रहेको प्राथमिक तृतिय श्रेणीको रिक्त पदमा तपशिल बमोजिमको यो ग्यता पुगेको इच्छुक व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ।

१. विज्ञापन नं. १।०७७।०७८
२. पद संख्या : १ (एक)
३. पद : प्रा. वि. तृतिय श्रेणी करार।
४. न्युनतम योग्यता : आई. एड. वा सो सरह।
५. उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
६. पेश गर्नुपर्ने कागजात :
शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि,
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
अध्यापन अनुमतिपत्रको प्रतिलिपि।
७. परीक्षा दस्तुर : रु. १,०००।- मात्र
८. तलब भत्ता : नेपाल सरकारको नियमानुसार।
९. परीक्षाको किसिम : लिखित र अन्तर्वार्ता
१०. दरखास्त दिने अन्तिम मिति : २०७८/०१/२२ गतेसम्म
११. परीक्षा मिति: सम्पर्क मितिमा तोकिनेछ।
१२. सम्पर्क मिति : २०७८/०१/२३ गते

सम्पर्क
**श्री सिद्ध आधारभूत विद्यालय**
मादी गाउँपालिका-८, पोशी, कास्की
९८६०००९४०४, ९८१७७२९८७१



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्म: वि. स. १९७७/03/२६ गते

स्वर्गारोहण : वि.स. २०७८/0१/03 गते

**स्व: हर्क बहादुर के.सी.**

पोखरा महानगरपालिका वाड नं. १३ बाझापाटन मिलन मार्ग टोल विकास संस्थाका सल्लाहकार, नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण के.सी.का पुजनीय बुबा **हर्क बहादुर के.सी.** को १०१ वर्षको उमेरमा शुक्रबार बिहान आफ्नै निवास पोखरा २८ देउमाडीमा निधन भई अतुलनीय क्षति भएकोमा हामी टोलवासी अत्यन्तै दुखी एवं मर्माहत भएका छौं। आज ७ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माले बैकुण्ठवास पाओस भनि हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सम्झना कार्की
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग महिला समूह**
पोखरा-१३

रामराज सिग्देल
अध्यक्ष तथा
**बाझापाटन मिलन मार्ग टोल विकास समिति**
पोखरा-१३